# स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८३

मन्त्रालयबाट स्वीकृत मितिः २०८३।०४।०४

प्रस्तावनाः अन्यायमा परेका महिला, दलित, अपाङ्गता, द्वन्द पीडित तथा गरिबीको रेखामुनि रहेका व्यक्ति लगायत विभिन्न वर्ग, समुदायलाई स्थानीय सरोकारको विषय एवं सेवा प्रवाहको सम्बन्धमा निशुल्क न्यायिक सहायता प्रदान गर्न तथा स्थानीय न्यायिक समितिको काम कारबाहीमा सहरजीकरण गर्ने उद्देश्यले प्रदेश सरकारको आर्थिक वर्ष २०८३।०८४ को बजेट कार्यक्रम अनुसार स्थानीय तहसँग सहकार्य गरी स्थानीय तहमा कानूनको ज्ञान भएका जनशक्तिको व्यवस्था गर्न न्यायिक सहजकर्ताको छनौट एवं नियुक्ति गरी सोको व्यवस्थापन र परिचालनको लागि कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) को अधिकार प्रयोग गरी आन्तरिक मामिला कानून तथा सहकारी मन्त्रोलय, बागमती प्रदेशले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## संक्षिप्त नाम र विस्तार

१. संक्षिप्त नाम र विस्तारः (१) यस कार्यविधिको नाम "स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेशभित्रको गाउँपालिकामा लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "न्यायिक सहजकर्ता" भन्नाले यस कार्यविधि बमोजिम सम्बन्धित स्थानीय तहको लागि छनौट भई यस कार्यविधि बमोजिमको शर्तमा रही दफा १० बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ८ बमोजिमको छनौट तथा सिफारिस समिति सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका सम्झनु पर्छ।

## परिच्छेद- २

## न्यायिक सहजकर्ताको काम र कर्तव्य

३. सेवा उपलब्ध गराउनेः (१) मन्त्रालयले यस कार्यविधि बमोजिम तोकेका वा छनौट गरेका स्थानीय तहका कार्यालयहरुमा देहाय बमोजिमका कार्य गरी सेवा प्रदान गर्नु निजको कर्तव्य हुनेछः-



मा. शिशिराज अधिकारी
मन्त्री

(क) सेवाग्राहीलाई सेवाप्राप्तिको सम्बन्धमा न्यायिक प्रक्रियाका बारेमा सहयोग एवं सहजीकरण गर्ने,

(ख) यस कार्यविधिले प्राथमिकता दिएका नागरिकलाई सम्बन्धित स्थानीय तहमा रहेका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सबै कार्यालयहरु तथा अदालत, जिल्ला प्रहरी कार्यालयसम्म न्यायिक पहुँचका लागि सहजीकरण गर्ने,

(ग) सरकारी कार्यालयहरुमा दिनुपर्ने निवेदन तयार गर्न सहयोग गर्ने,

(घ) सार्वजनिक सेवा प्राप्तिको प्रक्रिया बारेमा आवश्यक जानकारी उपलब्ध गराउने,

(ङ) सरकारी कार्यालय र सेवाग्राहीका बीचमा समन्वय र सहजीकरण गर्ने,

(च) आवश्यकता अनुसार स्थानीय न्यायिक समितिलाई सहयोग गर्ने,

(छ) स्थानीय तहको कानून निर्माण एवं राजपत्र सम्पादन एवं प्रकाशनमा सहयोग गर्ने,

(ज) मन्त्रालयसँग सम्बन्धित र मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्दा अन्यायमा परेका महिला, दलित, अपाङ्गता भएका व्यक्ति, नि:सहाय, गरिबीको रेखामुनि रहेका, विपन्न एवं अल्पसंख्यक समुदाय, वर्ग र क्षेत्रका साथै द्वन्द पीडित नागरिकहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) देखि (ज) सम्मका कार्यहरु न्यायिक सहजकर्ताले नि:शुल्क रूपमा प्रदान गर्नु पर्नेछ।

(४) यस कार्यविधि बमोजिम नियुक्त न्यायिक सहजकर्ताले मन्त्रालय र स्थानीय तहबीच सम्पर्क व्यक्तिको रूपमा समेत कार्य गर्नेछ।

(५) न्यायिक सहजकर्ताले आफ्नो कार्यजिम्मेवारीको सिलसिलामा समाधान हुन नसकेका विशिष्ट प्रकृतिका कार्यहरुको सम्बन्धमा सम्बन्धित स्थानीय तहको न्यायिक समितिको संयोजक वा प्रमुख/अध्यक्ष वा मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

(६) न्यायिक सहजकर्ता कार्यालयमा पूरा समय काम गर्ने कर्मचारी हुनेछ। दुई निकाय वा संस्थामा कार्य गरेको वा गरिरहेको प्रमाणित भएमा निज स्वत: पदमुक्त हुनेछ।

४. <u>शुल्क लिन नहुने</u>: न्यायिक सहजकर्ताले यस कार्यविधिमा तोके बमोजिमको जुनसुकै सेवा उपलब्ध गराए बापत सेवाग्राहीबाट कुनै पनि शुल्क लिन वा लिन लगाउन वा लिने मनसायले कुनै कार्य गर्न गराउन हुँदैन।



मा. शिवराज अधिकारी
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद- ३

## न्यायिक सहजकर्ताको योग्यता तथा छनौटसम्बन्धी व्यवस्था

५. **न्यायिक सहजकर्ताको योग्यता:** यस कार्यविधिबमोजिम न्यायिक सहजकर्ताको उम्मेदवार हुन देहाय बमोजिमको न्यूनतम योग्यता भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) प्रचलित कानूनले अयोग्य नभएको।

६. **आवेदन प्रक्रिया:** (१) मन्त्रालयले स्थानीय तहमा न्यायिक सहजकर्ता पदपूर्तिका लागि निजको योग्यता, पारिश्रमिक, सेवाका शर्त समेत तोकी मन्त्रालयको सूचनापाटी/वेबसाइट र राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची- १ बमोजिमको ढाँचामा कम्तीमा सात दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गरेको सूचना सम्वन्धित स्थानीय तहको वेबसाइट वा कार्यालयमा समेत प्रकाशन गर्नका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

(३) दफा ५ बमोजिमको न्यूनतम योग्यता पूगेका आवेदकले अनुसूची- २ बमोजिमको आवेदन फाराम, मन्त्रालयले तोकेको राजश्व खातामा जम्मा गरेको चारसय रूपैयाँको बैङ्क भौचर र योग्यताका आवश्यक कागजात संलग्न गरी भौतिकरुपमा उपस्थित भई वा इमेलमार्फत मन्त्रालयमा आवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम इमेलमार्फत आवेदन दिंदा आफ्नो विवरणसहितको आवेदन फारम, बैंक भौचर र योग्यताका कागजात स्क्यान गरी मन्त्रालयले तोकेको इमेलमा म्यादभित्रै पठाउनु पर्नेछ र अन्तर्वातामा उपस्थित हुँदा सक्कलै कागजात ल्याउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम आवेदन दिंदा एक मात्र स्थानीय तह उल्लेख गरी आवेदन दिनु पर्नेछ। आवेदकले एकै पल्ट दुई वा सो भन्दा बढी स्थानीय तहमा आवेदन दिन पाईने छैन। एक भन्दा बढी स्थानीय तहमा आवेदन दिएको पाइएमा निजलाई कुनै एक स्थानीय तह रोजाई सोही बमोजिम छनौट प्रक्रिया पूरा गर्नु पर्नेछ।

तर त्यस्तो उम्मेदवारले एक स्थानीय तह नरोजेमा निज छनौट प्रक्रियाबाट स्वतः हटेको मानिनेछ।

७. **मूल्याङ्कको आधार:** (१) यस कार्यविधि बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा कुल अङ्क एकसयमा नबढ्ने गरी दफा ८ बमोजिमको समितिले मूल्याङ्कन गरी नियुक्तिका लागि मन्त्रालयमा सिफारिस गर्नेछः-

मा. शिवराज अधिकारी
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास, कानून तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

(क) <u>शैक्षिक योग्यता बापत</u> (अधिकतम ४७ सर्चालिस अङ्क)

(१) माध्यमिक शिक्षा प्रवीणता प्रमाणपत्र तह- ४६

(२) कानून विषयमा माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र (१०+२) तह उतीर्ण गरेको भए थप १ अङ्क प्राप्त गर्नेछ।

(३) १.६ भन्दा मुनिको GPA लाई न्युनतम शैक्षिक योग्यता मानि गणना गरिने छैन।

(ख) <u>माथिल्लो शैक्षिक योग्यता बापत</u> (८ आठ अङ्क)

(१) कानून संकायमा स्नातक गरेको भए -८ (आठ) अङ्क

(२) अन्य संकायमा स्नातक गरेको भए -५ (पाँच) अङ्क

(ग) <u>व्यावसायिक प्रमाणपत्र बापत</u> (अधिकतम ३ तीन अङ्क)

(१) कानून व्यवसायिको प्रमाणपत्र प्राप्त गरेको -३ (तीन) अङ्क

(२) लेखापढी व्यवसायीको मात्र प्रमाणपत्र प्राप्त गरेको -१ (एक) अङ्क

(घ) <u>बासिन्दाको आधार</u> (अधिकतम १२ बाह्र अङ्क)

(१) सम्बन्धित स्थानीय तहको बासिन्दा भएमा -१२ (बाह्र) अङ्क

(२) सम्बन्धित जिल्लाको बासिन्दा भएमा -११ (एघार) अङ्क

(३) सम्बन्धित जिल्ला भन्दा बाहिरको बासिन्दा भएमा -१० (दश) अङ्क

<u>स्पष्टीकरण:</u> बासिन्दाको आधार लिँदा उम्मेद्वारको पेश गरेको नागरिकता (हालको ठेगाना परिवर्तित भएको/हुने भए सोही बमोजिम), महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्र, बसाईसराईको हकमा बसाईसराइको प्रमाणपत्रलाई मानिनेछ।

(ङ) अन्तर्वार्ता -३० (तीस) अङ्क

(१) अन्तर्वार्ता अङ्क प्रदान गर्दा पूर्णाङ्कको न्यूनतम चालिस र अधिकतम सत्तरी प्रतिशतको सीमाभित्र रही अङ्क प्रदान गर्नु पर्नेछ। यसरी दफा ८ बमोजिमको समितिका सदस्यले अङ्क प्रदान गर्दा छुट्टा-छुट्टै अङ्क प्रदान गरी औसत निकाली अङ्क गणना गर्नु पर्नेछ।

(२) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा चालीस प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण खुलाउनु पर्नेछ। यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अङ्क दिएकोमा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ।

(३) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपखण्ड (२) बमोजिम सत्तरी प्रतिशतभन्दा बढी वा चालीस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेको अवस्थामा पनि अन्तर्वार्ता समितिका पचास प्रतिशत भन्दा बढी



मा. शिवराज अधिकारी
मन्त्री

सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र त्यस्तो अङ्क गणना गरिनेछ। पचास प्रतिशत भन्दा बढी सदस्यले त्यसरी अङ्क प्रदान नगरेकोमा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत नै अङ्क कायम गरिनेछ।

(२) कुनै स्थानीय तहको लागि अत्याधिक आवेदन परी छनौट प्रक्रिया ढिला हुने कुरा दफा ८ बमोजिमको समितिलाई लागेमा छनौट प्रक्रियालाई सारभूत रूपमा असर नपर्ने गरी कुल आवेदनको पचास प्रतिशतमा नघट्ने गरी अन्तर्वार्ताको लागि अन्तिम संक्षिप्त सूची (Short list) प्रकाशन गरी छनौट प्रक्रिया अघि बढाउन सक्नेछ।

८. <u>छनौट तथा सिफारिस समितिः</u> (१) यस कार्यविधि बमोजिम आवेदन पेश भई उम्मेदवारको नियुक्तिको लागि सिफारिस गर्न देहायको एक छनौट तथा सिफारिस समिति रहनेछः-

(क) महाशाखा प्रमुख (कानून), मन्त्रालय -संयोजक

(ख) जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला समन्वय समिति -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि सम्बन्धित गाँउपालिका -सदस्य

(घ) मन्त्रालयले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य-सचिव

(२) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम छनौट तथा सिफारिस गर्ने प्रयोजनका लागि समितिले मन्त्रालयमा वा प्रदेशका जिल्लालाई विभिन्न समूहमा विभाजन गरी त्यसरी समूहकृत गरिएका जिल्लाको मुकाम तोकी त्यस्तो मुकाममा अन्तरवार्ता सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(४) छनोट तथा सिफारिस समितिलाई प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिमको बैठक तथा खाजा खर्च उपलब्ध गराइनेछ।

९. <u>सिफारिस गर्नुपर्नेः</u> (१) दफा ७ बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गरी छनौट भएका उम्मेदवारलाई समितिले उम्मेदवारको रोल नम्बर, नाम थर, ठेगाना, सिफारिस गरिएको स्थानीय तह सहित योग्यताक्रम अनुसारको नतिजा प्रकाशन गरी मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

तर दफा ७ बमोजिम कुल प्राप्ताङ्क गणना गर्दा एउटै स्थानीय तहमा दुई वा दुई भन्दा बढी उम्मेदवारको प्राप्ताङ्क बराबर हुन आएमा देहायको क्रम अनुसार हुने गरी सिफारिस गर्नु पर्नेछः-

(क) न्यूनतम शैक्षिक योग्याताको बढी प्राप्ताङ्क प्रतिशत/अङ्क,



मा. शिवराज अधिकारी
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
हेटौंडा, नेपाल

(ख) खण्ड (क) बमोजिम पनि योग्यताक्रम निर्धारण हुन नसके निकटतम माथिल्लो शैक्षिक योग्यताको बढी प्राप्ताङ्क प्रतिशत/अङ्क,

(ग) खण्ड (क) र (ख) समेतको आधारमा योग्यताक्रम निर्धारण हुन नसकेमा गोलाप्रथाद्वारा।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम प्रकाशन गर्दा माग संख्या भन्दा तेब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ र सिफारिस भएका उम्मेदवारको सूचीसहित विवरण सम्बन्धित स्थानीय तहको सूचना पाटीमा समेत टाँस गर्ने प्रयोजनका लागि बोधार्थ जानकारी पठाउनुपर्नेछ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवारको नामावली प्रकाशन गर्न बाधा पर्ने छैन।

(३) दफा ६ को उपदफा (१) बमोजिमको समयावधिभित्र कुनै स्थानीय तहमा कुनै पनि आवेदन नपरेमा समितिले निर्णय गरी सम्बन्धित स्थानीय तह मार्फत छुट्टै दरखास्त आव्हानको लागि कम्तीमा ३ दिनको सूचना प्रकाशन गर्न लगाई छनौट तथा सिफारिस कार्य गर्नेछ।

तर यसरी सूचना आव्हान गर्दा समेत कुनै आवेदन नपरेमा समितिले कुनै स्थानीय तहको लागि सिफारिस भएको योग्यताक्रम अनुसारको वैकल्पिक उम्मेदवारलाई जानकारी गराई नियुक्तिका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(४) उम्मेदवारको सिफारिस गर्दा आवेदकहरुको अन्तर्वार्ता सम्पन्न भएपछि मात्र अन्तरवार्ता र दफा ७ बमोजिम मूल्याङ्कनको आधारमा प्राप्त गरेको अङ्कलाई जोडि योग्यताक्रम निर्धारण गर्नु पर्नेछ।

(५) उपदफा (१) र (३) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवार मध्ये छनौट भएका उम्मेदवारहरुलाई यथाशीघ्र छिटो कुनै माध्यमबाट जानकारी गराउनु पर्नेछ।

१०. <u>नियुक्ति र करार सम्झौताः</u> (१) दफा ९ बमोजिम सिफारिस भएका उम्मेदवारलाई मन्त्रालयले पन्ध्र दिनभित्र अनुसूची- ३ बमोजिमको ढाँचामा नियुक्ति र अनुसूचीम- ४ बमोजिमको ढाँचामा करार सम्झौताका लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र नियुक्ति र करार सम्झौता गर्न नआउने उम्मेदवारको ठाउँमा मन्त्रालयले सोही स्थानीय तहमा रहेको योग्यताक्रम अनुसारको वैकल्पिक उम्मेदवारलाई नियुक्ति र करार सम्झौता गर्नु पर्नेछ।

तर सम्बन्धित स्थानीय तहमा कुनै वैकल्पिक उम्मेदवार नभएमा वा वैकल्पिक उम्मेदवार भए पनि नियुक्ति लिन इच्छुक नदेखिएमा वा मन्त्रालयले तोकेको समयभित्र वैकल्पिक उम्मेदवारले



मा. शिखिराज अधिकारी
मन्त्री

नियुक्ति लिन नआएमा सोही जिल्ला वा नजिकको कुनै जिल्लाको कुनै स्थानीय तहमा रहेको योग्यताक्रम अनुसारको वैकल्पिक उम्मेदवारलाई नियुक्ति र करार सम्झौता गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) बमोजिम समेत नियुक्ति हुन सक्ने अवस्था नभएमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा मन्त्रालयले पुनः विज्ञापन गरी यस कार्यविधि अनुसारको छनौट एवं सिफारिसको प्रक्रिया पूरा गरी नयाँ व्यक्तिलाई नियुक्ति दिई करार सम्झौता गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएको न्यायिक सहजकर्तालाई सम्बन्धित स्थानीय तहले आफ्नो कार्यालयमा हाजिर गराई यस कार्वविधिको कार्यविवरण अनुसार कार्य गर्न आवश्यक व्यवस्थापन गरी काममा लगाई सो को जानकारी मन्त्रालयलाई गराउनुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा असार मसान्तसम्मका लागि मात्र करार गर्नुपर्नेछ।

(५) यस कार्यविधिले तोकेको प्रक्रिया र शर्त बाहेक अन्य कुनै तरिकाबाट कुनै स्थानीय तहले न्यायिक सहजकर्ता वा न्यायिक सहजकर्ताको लागि तोकिएको बजेटबाट खर्च लेख्ने गरी कुनै कर्मचारीको नियुक्त गरेमा सम्बन्धित कर्मचारी वा पदाधिकारीबाट प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

## परिच्छेद- ४

## कार्यशर्त, पारिश्रमिक, विदा र अन्य सुविधा

११. पारिश्रमिक र कार्य शर्तः (१) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका न्यायिक सहजकर्ताले सहायकस्तर पाँचौं वा सो सरहको शुरु तलब स्केल बराबर करार सम्झौतामा उल्लेख भए बमोजिमको मासिक पारिश्रमिक एवं चाडपर्व खर्च र पोशाक भत्ता पाउनेछन।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक एवं चाडपर्व खर्च र पोशाक भत्ता बापतको रकम प्रदेश सरकारले पचास प्रतिशत र स्थानीय तहले पचास प्रतिशत ब्यहोर्नुपर्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिमको पारिश्रमिक सम्बन्धित स्थानीय तहले कार्य विवरणमा उल्लेख भए बमोजिमका कार्यहरु सहितको अनुसूची- ५ बमोजिमको मासिकरुपमा प्रगति विवरण सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेपछि एकमुष्ट बैङ्क मार्फत भुक्तानी गर्नु पर्नेछ।

तर आर्थिक वर्षको अन्तिम असार महिनाको हकमा जुनसुकै समयमा प्रतिवेदन पेश गरेपछि पारिश्रमिक भुक्तानी गर्न बाधा पर्नेछैन।

(४) न्यायिक सहजकर्ताले स्थानीय तहको कार्यसम्पादनमा सहयोग र सहजीकरण गरिदिए बापत स्थानीय तहमा कार्यरत सो सरहका कर्मचारीले पाए सरहको पारिश्रमिक, चाडपर्व खर्च र पोशाक भत्ता बाहेकको अन्य भत्ता एवं सुविधा उपलब्ध गराउन सक्नेछ।



मा. शिवराज अधिकारी
मन्त्री

(५) यस कार्यविधि बमोजिम कुनै न्यायिक सहजकर्ताले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन।

(६) उपदफा (१) बमोजिम करार सम्झौता गर्दा सम्झौता शुरु गर्ने मिति र अन्त्य हुने मिति समेत उल्लेख गर्नु पर्नेछ।

(७) यस कार्यविधि विपरित सम्बन्धित स्थानीय तहले आफैं नियुक्ति गरी तलब, भत्ता लगायतको सुविधा खर्च गरेमा वा खुवाएमा सम्बन्धित पदाधिकारीबाट प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ।

१२. <u>विदाः</u> (१) यस कार्यविधि बमोजिम नियुक्त हुने न्यायिक सहजकर्ताले सञ्चित नहुने गरी देहायको विदा देहाय बमोजिम पाउनेछः-

(क) <u>भैपरी तथा पर्व विदाः</u> भैपरी बिदा छ दिन र पर्व विदा छ दिन गरी जम्मा १२ दिन।

(ख) <u>मुत्यृ संस्कार विदाः</u> आफ्नो धर्म संस्कृति अनुसार आफैं मुत्यृ संस्कार गर्नु परे बढीमा १५ दिन।

(ग) <u>सुत्केरी विदाः</u> सुत्केरी अघि वा पछि गरी जम्मा ९८ दिन।

(घ) नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले घोषणा गरी दिएको सार्वजनिक विदा तथा स्थानीय विदा।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको विदाको स्वीकृति सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

१३. <u>करार समाप्तीः</u> (१) कुनै कारणले यस कार्यविधि बमोजिमको सेवा अन्त्य गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा वा सम्बन्धित स्थानीय तहसँगको परामर्शमा मन्त्रालयले करार सेवामा कार्यरत व्यक्तिलाई एक महिनाको अग्रीम सूचना दिई करार सम्झौता भंग गर्न सक्नेछ।

(२) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएको न्यायिक सहजकर्ताले दफा ४ बमोजिम निजले लिन नहुने शुल्क लिएमा वा लिन लगाएमा वा लिने मनसायले कुनै कार्य गरेको वा निजको कार्य सम्पादन सन्तोषजनक नभएको भनि उजुरी परेमा सम्बन्धित स्थानीय तहले मन्त्रालयको प्रतिनिधि समेत रहने गरी आवश्यक जाँचबुझको लागि समिति गठन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिको जाँचबुझ प्रतिवेदनले त्यस्तो न्यायिक सहजकर्तालाई हटाउने सिफारिस गरेमा मन्त्रालयले त्यस्तो न्यायिक सहजकर्तालाई करार सेवाबाट हटाउन सक्नेछ।

तर यसरी करार सेवाबाट हटाउनु पूर्व निजलाई सफाईको मौका प्रदान गर्नु पर्नेछ।

मा. शिवराज अधिकारी
मन्त्री

हेटौंडा, नेपाल

(४) यस कार्यविधि बमोजिम नियुक्त न्यायिक सहजकर्ता पदमुक्त भएमा वा उपदफा (३) बमोजिम सेवाबाट हटाइएमा वा निजले स्वेच्छाले करार भंग गरी सेवा छोडेमा वा जानकारी नदिई महिनामा सात दिनभन्दा बढी अवधि अनुपस्थित भएमा त्यस्तो न्यायिक सहजकर्ताको पद स्वतः रिक्त भएको मानिनेछ।

(५) उपदफा (४) बमोजिम न्यायिक सहजकर्ताको पद रिक्त भएमा बाँकी अवधिका लागि दफा १० मा उल्लिखित प्रक्रिया बमोजिम नियुक्ति र करार सम्झौता गरी खटाउन सकिनेछ।

## परिच्छेद- ५

## विविध

१४. **मन्त्रालय तथा स्थानीय तहको कर्तव्य:** (१) न्यायिक सहजकर्तालाई स्थानीय तहसँग सहजीकरण र समन्वय गर्ने, गराउने, क्षमता अभिवृद्धि लगायतका अभिमुखीकरण तालिम प्रदान गर्नु मन्त्रालयको कर्तव्य हुनेछ।

(२) यस कार्यविधि बमोजिम सहजकर्ताको छनौट, अन्तरवार्ता, क्षमता अभिवृद्धि लगायत अन्य व्यवस्थापनको लागि मन्त्रालयले विनियोजित बजेटबाट आवश्यक व्यवस्थापन गर्नेछ।

(३) स्थानीय तहले न्यायिक सहजकर्ताको लागि मन्त्रालय र स्थानीय तहबाट विनियोजित बजेट यस कार्यविधिमा तोकिए लगायतका शर्त, प्रक्रिया बमोजिम सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ।

(४) न्यायिक सहजकर्तालाई कार्यकक्ष लगायत अन्य आवश्यक व्यवस्थापन एवं कार्यसम्पादनको लागि आवश्यक सहजीकरण गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

१५. **अनुगमन गर्न सक्ने:** (१) मन्त्रालयले समय-समयमा यस कार्यविधि अनुसार न्यायिक सहजकर्तालाई तोकेको काम, कारबाही गरे नगरेको सम्बन्धमा जुनसुकै बखत अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) को अतिरिक्त मन्त्रालयले सम्बन्धित जिल्ला समन्वय समितिका उपप्रमुखको संयोजकत्वमा मन्त्रालयको समेत प्रतिनिधित्व हुने गरी छलफल, अन्तरक्रिया, गोष्ठी आदिका माध्यमबाट समेत अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमनको प्रयोजनका लागि आवश्यक पर्ने बजेटको व्यवस्था मन्त्रालयले स्वीकृत बजेटको परिधिभित्र रही गर्नेछ।

१६. **प्रतिवेदनसम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम गरेका सम्पूर्ण कार्यहरुका सम्बन्धमा न्यायिक सहजकर्ताले दैनिक रूपमा अभिलेख राखी मासिक प्रगति विवरण अनुसूची- ५ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तह र चौमासिक रूपमा एकीकृत गरी आफ्नो कार्यालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ। यसरी दैनिक रूपमा राखिएको अभिलेख मन्त्रालय वा सम्बन्धित



मा. शिवराज अधिकारी
मन्त्री

स्थानीय तहको प्रशासकीय अधिकृत, प्रमुख/उपप्रमुख/अध्यक्ष वा उपाध्यक्षले जुनसुकै बखत माग गरी हेर्न सक्नेछ।

(२) दफा १५ बमोजिम मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितको उपप्रमुखको संयोजकत्वमा खटिएको टोलीले गरेको अनुगमनको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

१७. <u>गुनासो सुनुवाई समितिः</u> (१) यस कार्यविधिका सम्बन्धमा भए गरेको कार्यमा चित्त नबुझेमा मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले एक्काइस दिनभित्र देहाय बमोजिमको समितिमा उजुर गर्न सक्नेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| (ग) | महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले गरेको निर्णय अन्तिम हुनेछ। यस्तो निर्णयको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

१८. <u>कार्यक्रमको निरन्तरता एवं म्याद थपः</u> (१) मन्त्रालयबाट साविक स्थानिय तहमा नियुक्ति भई निरन्तर कार्य गरिआएका न्यायिक सहजकर्ताको करार सेवाको म्याद थप गरिनेछ।

(२) उपदफा (१) बमोजिम म्याद थप भएका न्यायिक सहजकर्ताको सम्बन्धित स्थानिय तहले आर्थिक वर्षको साउन १ गते देखि असार मसान्त सम्म लागुहुने गरी नियुक्ति र करार सम्झौता गरिदिनु पर्नेछ।

तर कुनै कारणले पद रिक्त रहेको स्थानिय तहको हकमा यसै कार्यविधि बमोजिम नयाँ नियुक्ति गरिनेछ।

१९. <u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधिको कार्यन्वयन गर्दा कुनै बाधा परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

२०. <u>बचाउः</u> स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८३ बमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

मा. शिवराज अधिकारी
मन्त्री

अनुसूची- १

(दफा ६ को (१) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

**करार सेवा लिनेसम्बन्धी सूचनाको ढाँचा**

(सूचना प्रकाशित मिति : २०८३/ / )

................................... गाउँपालिकाको लागि न्यायिक सहजकर्ता को रूपमा देहायको संख्या र योग्यता भएको व्यक्ति करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र मन्त्रालयमा उपस्थित भई वा moial.p3.law@gmail.com मा ईमेल मार्फत आवेदन दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण मन्त्रालयको वेवसाइट www.moial.bagamati.gov.np मा उपलब्ध हुनेछ।

१. सूचना नं.

| पद | संख्या |
|---|---|
| न्यायिक सहजकर्ता | |

२. योग्यताः

(क) नेपाली नागरिक,

(ख) माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष उमेर पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको।

३. छनौटका आधारहरु:

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) व्यावसायिक प्रमाणपत्र

(घ) बासिन्दाको आधार

(ङ) अन्तरवार्ता।

४. आवेदनसाथ संलग्न गर्नु पर्नेः

उम्मेदवारको व्यक्तिगत विवरण, बैङ्क भौचर, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

मा. शिवराज अधिकारी
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- २

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |

## आवेदन फारामको ढाँचा

(क). आवेदन दिएको स्थानीय तह (एक मात्र उल्लेख गर्ने):...........................................

(ख) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | जन्ममिति: | | हालको उमेर: वर्ष महिना | |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला: | मिति: |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./ गा.पा. | | ग) वडा नं. |
| | घ) टोल: | ङ) मार्ग/घर नं.: | | च) फोन नं. |
| पत्राचार गर्ने ठेगाना: | | | | ईमेल |
| बाबुको नाम, थर: | | | बाजेको नाम, थर: | |

(ग) शैक्षिक योग्यता/तालिम (आवेदन फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण

| कार्यालय\ संस्था\ परिषद | पद | | | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |



मा. शिवराज अधिकारी
मन्त्री

मैले यस आवेदनमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। आवेदन बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस आवेदन फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रूपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा १ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |
| कार्यालयले भर्नेः | | |
| दर्ता नं.: | | |
| आवेदन अस्वीकृत भए सो को कारणः | | |
| आवेदन रुजू गर्नेको नाम र दस्तखतः<br>मितिः | | आवेदन स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मितिः |

<u>द्रष्टव्यः</u> आवेदन साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछः-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कानून व्यवसायिक प्रमाणपत्र (भएमा) को प्रतिलिपि आदि।

मा. शिवराज अधिकारी
मन्त्री

अनुसूची- ३

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

(गाउँपालिकाको लेटरप्याड)

नियुक्तिपत्रको ढाँचा

च.नं. मितिः

प.सं.

श्री .........................................,

.......................... गा.पा., वडा नं........।

विषयः करार नियुक्ति सम्बन्धमा।

तपाईलाई स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८३ बमोजिम आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयको मिति २०८..।....।..... को निर्णयानुसार यस .....................गाउँपालिकामा न्यायिक सहजकर्ताको पदमा यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम हुने गरी मिति २०८..।....।... देखि २०८३ असार मसान्त सम्म करारमा नियुक्त गरिएको छ। कार्यविधि एवं सम्झौता बमोजिमको कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप परिपालना गर्नुहुन जानकारी गराइन्छ।

न्यायिक सहकर्ताको पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ।

......................

(प्रमुख प्रशासकीय अधिकृत)

कार्यार्थ/अवगतार्थ,

श्री आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेशः *नियुक्ति गरी कामकाजमा लगाइएको।*

मा.शिवराज अधिकारी
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- ४

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## करार सम्झौताको ढाँचा

........गाउँपालिका (यसपछि "पहिलो पक्ष" भनिएको) र आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको मिति २०८..।....।.....को निर्णयानुसार सिफारिस भएका ....................जिल्ला, ......................... गाउँपालिका, वडा नं......... बस्ने श्री .......................... (यस पछि "दोश्रो पक्ष" भनिएको) का बीच यस ............... गाउँपालिकाको न्यायिक सहजकर्ताको रुपमा कामकाज गर्न देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले यस कार्यलयलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं:-

१. **कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले कार्यविधि बमोजिम तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. **काम गर्नु पर्ने स्थानः**.......................... गाउँपालिका।

३. **करारमा काम गरे बापत पाउने पारिश्रमिकः** प्रत्येक महिना व्यतित भएपछि (प्रगति विवरण पेश गरेपछि), पहिलो पक्षले दोश्रो पक्षलाई सहायकस्तर पाँचौं वा सो सरहको शुरु तलब स्केल बापतको मासिक पारिश्रमिक उपलब्ध गराउनेछ। उक्त पारिश्रमिकमा प्रचलित कानून बमोजिमको सामाजिक सुरक्षा कर लाग्नेछ।

४. **चाडपर्व खर्चः** पहिलो पक्षले दोस्रो पक्षलाई कम्तीमा छ महिना काम गरे पश्चात चाडपर्व खर्च बापत एक महिना बराबरको पारिश्रमिक रकम नियमानुसार उपलब्ध गराउनेछ।

५. **पोशाक खर्चः** कम्तीमा छ महिना काम गरे पश्चात् दोस्रो पक्षलाई पहिलो पक्षले पोशाक भत्ता बापत रु १०,०००।- उपलब्ध गराउनेछ।

६. **कार्यालय व्यवस्थापनः** दोश्रो पक्षलाई पहिलो पक्षले कार्यालयमा कार्यसम्पादन गर्न आवश्यक व्यवस्थापनको सहयोग गर्नेछ।

७. **आचरणको पालनाः** दोश्रो पक्षले स्थानीय सेवाका कर्मचारीले पालना गर्नुपर्ने भनी व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु समेत पालना गर्नु पर्नेछ।

८. **बिदाः** दोस्रो पक्षले दफा १२ बमोजिमको बिदा पाउनेछ।

९. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

१०. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई कार्यविधि बमोजिम करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ।



मा. शिवराज अधिकारी
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास, कानून तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

११. **करार अवधिः** यो करार २०८..।.....।.......देखि लागू भई २०८४ असार मसान्त सम्मको लागि हुनेछ।

१२. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने गराउनेछ।

१३. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** पहिलो पक्षले कार्यविधि बमोजिम लिन नहुने शुल्क लिएमा वा लिन लगाएमा वा लिने मनसायले कुनै कार्य गरेको वा निजको कार्य सम्पादन सन्तोषजनक नभएको भनि उजुरी परी वा जानकारी नगराई सम्बन्धित स्थानीय तहमा महिनामा सात दिनभन्दा बढी अवधि अनुपस्थित भएमा कार्यविधिको आवश्यक प्रक्रिया पूरा गरी दोस्रो पक्षलाई सेवाबाट हटाइनेछ। जानकारी नगराई कार्यालयमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र पहिलो पक्षले अर्को व्यवस्था गर्न वाधा पर्ने छैन। साथै दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा कार्यविधिको आवश्यक प्रक्रिया पूरा गरि दोश्रो पक्षसँगको सम्झौता रद्द गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन।

१४. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दावी गर्न पाँउने छैन/गर्ने छैन।

१५. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख भएको विषयमा यसै सम्झौता बमोजिम र अन्य थप विषयका सम्बन्धमा कार्यविधि र प्रचलित कानून बमोजिम हुनेछ।

| पहिलो पक्ष (सम्बन्धित स्थानीय तहको तर्फबाट) | दोस्रो पक्ष (करार गर्ने व्यक्ति): |
|---|---|
| हस्ताक्षर र मितिः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| कार्यालयको छापः | इमेलः |
| | फोन नं.: |

मा.शिवराज अधिकारी
मन्त्री

बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

अनुसूची- ५

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**प्रगति विवरणको ढाँचा**

*(मासिक रूपमा प्रत्येक महिना/माहिनाको छुट्टा छुट्टै संलग्न गरी राख्ने)*

............साल...........महिनाको मासिक प्रगति विवरण।

| सि.नं. | सम्पादन गरेको कार्य विवरण | एकाई | गत महिना सम्मको सङ्ख्या | यस महिनाको सङ्ख्या | यस महिना सम्मको जम्मा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सहजकर्ताको,**

नामः

पदः

स्थानीय तहः

हस्ताक्षरः

**प्रमणीत गर्नेको,**

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षरः

स्थानीय तहः

*नोटः सम्बन्धित स्थानीय तहले प्रत्येक चौमासिक अवधि समाप्त भएको ७ गतेभित्र न्यायिक सहजकर्ताको प्रगती विवरण एकिकृत गरी मन्त्रालयको इमेलः moial.p3.law@gmail.com मार्फत पठउनु पर्नेछ।*



मा. शिवराज अधिकारी
मन्त्री